आज मिति २०७९ साल जेठ २० गतेका दिन लम्किचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्युको अध्यक्षतामा नगरपालिकाको तेस्रो बैठक बसी तपशिलको उपस्थितिमा निर्णयहरु गरियो ।

| क्र.सं | पदाधिकारीहरुको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उप-प्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष, वडा नं.१ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष, वडा नं.२ | |
| ५ | श्री लब वहादुर शाही | अध्यक्ष, वडा नं.३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष, वडा नं.४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष, वडा नं.५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष, वडा नं.६ | |
| ९ | श्री भगवान दिन चौधरी | अध्यक्ष, वडा नं.७ | |
| १० | श्री हरि प्रसाद चौधरी | अध्यक्ष, वडा नं.८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष, वडा नं.९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष, वडा नं.१० | |
| १३ | श्री पित्रीभक्त गिरी ( प्र.प्र.अ) | सदस्य सचिव | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**<u>प्रस्ताव नं. १:</u> शहरी विकासको वजेट योजना सम्पन्न वारे ।**

<u>निर्णय नं. १:</u> शहरी विकास विकासको वजेट तथा यस नगरपालिकाको सहभागीतामुलक वजेट गरी यस भन्दा पहिले वडा नं. १ लाई रु. ५० लाख र २ देखि १० वडा गरी ९ वडा लाई प्रति वडा रु. २५ लाखका योजना वनाई कार्यान्वयन भईरहेको कतिपय योजनाहरु सुस्तगतिमा काम भएको देखिएकोले त्यसता योजनाहरुलाई वडा अध्यक्ष ज्युहरुवाट २०७९ असार २० गते सम्म कार्य मूल्याँकन, सम्पुर्ण विल भरपाईहरु, अनुगमन र सवै प्रकृयाहरु पुरा गरी उपभोक्ताले पेश गरी सक्नु पर्ने निर्णय गरियो । २०७९ साल असार २० गते भन्दा पछाडि वजेट फिज हुन सक्ने भएको हुँदा सो पछि नगरपालिकाको कार्यालयसंग रकम भुक्तान माग्न आएमा रकम फिज भइसकेको भए भुक्तानी दिन नसक्ने व्यहोरा निर्णय गरियो ।

**<u>प्रस्ताव नं. २:</u> शहरी विकासको बाँकी रकमका योजना वारे ।**

<u>निर्णय नं. २:</u> यसै आव.को शहरी विकास विकासको बाँकी रकम लाई निम्न अनुसार वडामा योजना वनाई कार्य मूल्याँकन, सम्पुर्ण विल भरपाईहरु, अनुगमन र सवै प्रकृयाहरु पुरा गरी उपभोक्ताले २०७९ असार २० गते भित्रै पेश गरी सक्नु पर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. वडा नं. १ लाई रु. १५ लाख

२. वडा नं. २ देखि १० सम्म गरी ९ वडालाई रु. १०/१० लाख

**<u>प्रस्ताव नं. ३:</u> प्रवक्ता चयन सम्वन्धमा ।**

<u>निर्णय नं. ३:</u> यस नगर कार्यपालिका र नगर प्रमुखको तर्फवाट वडा नं. ३ का वडा अध्यक्ष श्री लव बहादुर शाहीलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**<u>प्रस्ताव नं. ४:</u> शहरी विकासको नगर समन्वय समिति गठन सम्वन्धमा ।**

**<u>निर्णय नं. ४:</u>**शहरी विकास कार्यक्रमको तोकिएको समय भित्रै गुणस्तर युक्त योजनाहरु कार्यान्वयन तथा सम्पन्न गर्न गराउन शहरी विकास मन्त्रालयको नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना श्रममुलक, सार्वजनिक निर्माण सञ्चालन निर्देशिकाको खण्ड ३ को स्थानीय तह ३.३ नगर समन्वय समिति निम्न अनुसार गठन गर्ने निर्णय गरियो ।

संयोजक : शुसिला शाही (नगर प्रमुख)

सदस्य : जुना चौधरी (नगर उप-प्रमुख)

सदस्य : नेत्र प्रसाद खनाल - वडा अध्यक्ष, वडा नं. १)

सदस्य : माया विष्ट - वडा अध्यक्ष, वडा नं. ५)

सदस्य : हरि प्रसाद चौधरी (वडा अध्यक्ष, वडा नं. ८

सदस्य : योजना शाखा प्रमुख

सदस्य : प्रशासन शाखा प्रमुख

सदस्य : प्राविधिक शाखा प्रमुख

सदस्य : लेखा शाखा प्रमुख

सदस्य-सचिव : प्रमुख प्रशासकीय अधिकृत

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

॥ समाप्त ॥

०७६।२।२९